# प्रेस विज्ञप्ती

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको उपस्थितिमा विश्व आर्थिक मञ्च (World Economic Forum) का पदाधिकारी, दक्षिण एशियाली राष्ट्रका उच्च पदस्थ पदाधिकारी, निजी क्षेत्रका प्रतिनिधि, अर्थशास्त्री एवम् विश्व बैंकका पदाधिकारी बीच विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड -१९) ले दक्षिण एशियाको पर्यटन क्षेत्रमा पारेको प्रभाव र सो लाई कम गर्ने उपाय बारे आज भिडियो कन्फरेन्स मार्फत छलफल सम्पन्न भयो।

माननीय अर्थमन्त्रीले आफ्नो मन्तव्य दिने क्रममा कोभिड —१९ ले पर्यटन र यातायात क्षेत्रमा बढी असर गरेको उल्लेख गर्नुहुँदै पर्यटन क्षेत्रको पुनरुत्थानको लागि नेपाल सरकारले गरेका प्रयास तथा अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय सहयोग, साझेदारी र समन्वयका क्षेत्रमा गर्न सकिने प्रयास बारे जानकारी गराउनुभयो। साथै उहाँले नेपालको सन्दर्भमा शुरुवाती चरणमा पदयात्रा र पर्वतारोहण जस्ता कम भीडभाड, न्यून जोखिममुक्त र तुलनात्मक रुपमा सुरक्षित स्थानबाट पर्यटन व्यवसाय प्रवर्द्धन गर्न उपयुक्त हुने धारणा राखु भयो।

माननीय अर्थमन्त्रीले कोभिड —१९ को असरबाट पर्यटन क्षेत्रलाई पुनर्स्थापित गर्न पर्यटक आगमनका स्रोत मुलुकहरुमा विविधिकरण गरी पर्यटक आगमनलाई व्यवस्थित र सुरक्षित बनाउने, पर्यटक आगमन संख्या र गुणस्तर समेत पर्यटन क्षेत्रको मूल्य अभिवृद्धि (Value Added) बढाउन तर्फ पनि ध्यान दिनुपर्ने र नयाँ पर्यटकीय गन्तव्यस्थलको पहिचान, विकास तथा पर्यटन उपजमा विविधिकरण गर्ने विषयमा जोड दिनुभयो। उहाँले अन्तर्राष्ट्रिय यातायातलाई कम खर्चिलो, सहज, सुरक्षित, गुणस्तरीय र विश्वसनीय बनाउदै जानुपर्ने तथा क्षेत्रीय सहयोग र सहकार्यको रुपमा पर्यटन व्यवसायलाई एकअर्काको परिपूरकको रुपमा अघि बढाउन सकिने विश्वास व्यक्त गर्नुभयो।

माननीय अर्थमन्त्रीले आन्तरिक पर्यटनलाई बढावा दिनुपर्ने उल्लेख गर्नु हुँदै पर्यटन क्षेत्रमा भएको लगानीको संरक्षण गर्नुपर्ने कुरामा जोड दिनुभयो। उहाँले पर्यटन पूर्वाधार र सेवा सुविधामा विविधिकरण गरी कोभिड—१९ का कारण लगानी र पूँजी क्षय हुन नदिई बेमौसमी (Off Season) पर्यटनको प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनु भयो।

उक्त छलफलमा विश्व आर्थिक मञ्चका अध्यक्ष बर्ज ब्रेण्ड, भुटानका श्रम मन्त्री उग्गेन दोर्जी, बंगलादेशका विदेश राज्य मन्त्री मोहम्मद आलम, विश्व आर्थिक मञ्चका क्रिस्टोफ उल्फ लगायत अर्थशास्त्री एवम् निजी क्षेत्रका सहभागीले कोभिड —१९ को कारण दक्षिण एशियाली राष्ट्रको पर्यटन क्षेत्रमा परेको असरलाइ कम गर्न र पुनरुत्थानका लागि सबैको सामूहिक र एकीकृत प्रयास तथा समन्वय हुनुपर्ने कुरामा जोड दिनु भएको थियो।

२०७७/४/१

**अर्थ मन्त्रालय**